कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. १:-**

यस कोहलपुर नगरपालिकामा कार्यरत स्थानीय तहका तपसिलका कर्मचारीहरुलाई सोही तहहरुमा समायोजन गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौंमा जानकारी पठाउने निर्णय गरियो ।

**तपसिल:-**

**स्थानीय तहका कर्मचारीहरु (स्थायी)**

१. हरि बहादुर वली - अधिकृत स्तर छैठौं
२. पुरुषोत्तम पोखेल - सहायक स्तर पाँचौं
३. दिपकराज उपाध्याय - सहायक स्तर पाँचौं
४. दिपा गुरुङ्ग - सहायक स्तर पाँचौं
५. सुभाष चन्द्र यादव - सहायक स्तर चौथो
६. प्रकाश खत्री - सहायक स्तर चौथो
७. चन्द्रा तिवारी - सहायक स्तर चौथो
८. लक्ष्मी प्रसाद चौधरी - कार्यालय सहयोगी
९. बिक्रम थारु - कार्यालय सहयोगी

**निर्णय नं. २:-**

संघिय सरकारबाट तराई मदेश समृद्धि कार्यक्रम तर्फ स्वीकृत भएका तपशिलका योजना तथा कार्यक्रमहरु संचालन गर्ने भनि निर्णय गरियो ।

क) एकिकृत बस्ती विकास कार्यक्रम कोहलपुर न.पा. वडा नं. २ (उपयुक्त स्थानमा जग्गा खोजी गर्ने ।)

ख) कोहलपुर न.पा. वडा पर्यटन कार्यालय देखि पश्चिम दक्षिण प्रगती नगर हुँदै रझेना थारु गाँउ जोड्ने बाटो कालो पत्रे गर्ने ।

**निर्णय नं. ३:-**

नेपाल पत्रकार महासंघ बाँकेले पत्रकारको क्षमता विकास कार्यक्रमको लागि पेश गरेको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:-**

राष्ट्रिय भवन संहिता २०७२ को मापदण्डमा रही घर नक्सा पास सम्बन्धि कार्य गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

**निर्णय नं. ५:-**

त्रिभुवन नमुना माध्यमिक विद्यालय कोहलपुरको गुरुयोजना पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:-**

कोहलपुर नगरपालिकाबाट संचालन हुने एकीकृत (लक्षित/अन्य आयोजना) कार्यक्रम संचालनको लागि पेश भएको कार्यविधि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:-**

कोहलपुर क्षेत्रका निजि विद्यालयहरुले आयोजना गर्न लागी रहेको खेलकुद प्रतियोगिताको लागि खेलकुद सामाग्री शिर्षकबाट रु.५००००/-सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:-**

वडा समितिको निर्णयानुसार तपशिलका योजना तथा कार्यक्रमहरु संशोधन गर्ने निर्णय गरियो ।

क) कोहलपुर नगरपालिका वडा नं. ८ को स्वीकृत योजना पुल तथा नाली निमाणलाई संशोधन गरी कलभर्ट संरक्षण योजना संचालन गर्ने निर्णय गरियो ।

ख) कोहलपुर वडा नं. ७ विद्युत पोल तथा तार खरिद पेज नं. ८२ (६) शिर्षकको बजेट रु.५ लाखबाट सल्यानी टोल देखि बनखेत हुँदै घनश्याम गिरीको घर सम्मको बाटोमा माटो पटान गर्ने ।

ग) कोहलपुर वडा नं. ७, गत साल सुरु भएका बाटोमा ग्रयाभेलको लागि विनियोजन रकम पेज नं. ८२ (४) रु.७ लाखबाट माटो पटान मात्र गर्ने ।

**निर्णय नं. ९:-**

कोहलपुर नगरपालिका वडा नं. ७ र ८ को सिमाना नयाँ बस्तीमा प्रहरी बिट स्थापनाको लागि इलाका प्रहरी कार्यालय कोहलपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-**

कोहलपुर चौराहको ट्राफिकलाई व्यवस्थित गर्न उचित स्थान हेरी ट्राफिक आई लैण्ड स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-**

ईलाका प्रहरी कार्यालयमा सार्वजनिक स्थानमा रहने गरी यस नगरपालिकाको सौजन्यमा टेलिभिजन LED उपलब्ध गराउने निर्णय गरियो ।

०७५।०९।०४
प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

**निर्णय नं. १२**

बढदो शितलहरलाई मध्येनजर गरी नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.२५०,०००।-(अक्षेरुपी दुईलाख पचास हजार) बराबरको कम्बल खरिद गरी वितरण गर्ने जिम्मेवारी सम्बन्धित वडाका वडा अध्यक्षलाई दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस नगरपालिका क्षेत्रमा अत्याधुनिक वधशालाको गुरुयोजना निर्माणको लागि हेफर इन्टरनेशनल नेपाललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

कोहलपुर नगरपालिका वडा नं.१२ को नालामा माटो पटानन गर्दा लागेको खर्च रु.२११,०००।- कन्टिजेन्सी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगपालिकामा आवेदन दिएका तपशिल बमोजिमका फर्मलाई 'घ' वर्गको निर्माण ब्यवसायी इजाजत प्रमाण-पत्र उपलब्ध गारउने निर्णय गरियो ।

१) कुपिण्डे ताल निर्माण सेवा कोहलपुर-०९,बाँके

**निर्णय नं. १६**

यस कोहलपुर नगरपालिकाका कानूनी सल्लाहाकार अधिवक्ता श्री बासुदेव ज्ञवालीको पारिश्रमिक भूक्तानी सम्बन्धमा तेस्रो नगर सभाले तोकेको पारिश्रमिक मासिक रु.३०,५००।- का दरले १२ महिनाको लागि आवश्यक पर्ने रकम रु.३६६,०००।- आ.व. : २०७५/०७६ को शिर्षक नं. २२४१३ करार सेवा शुल्कबाट रकम रु.३६६,०००।- रकमान्तर गरी आन्तरिक श्रोत तथा शिर्षक नं.२२४११ सेवा र परामर्श शिर्षकमा कायम गर्ने र शिर्षक नं. २२४१३ करार सेवा शुल्कमा सो रकम घटाई रु.६६,३४,०००।- कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

सार्वजनिक खरिद ऐन, नियमावलीमा उल्लेखित भएको Variation Order को सम्बन्धमा ५% प्रतिशत रा.प.द्धितिय श्रेणीको कार्यालय प्रमुख वाट गर्न सकिने ब्यवस्था रहेको तर स्थानीय सरकारको हकमा सो भन्दा माथीको Variation Order को सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था नभएको हुदाँ ५% प्रतिशत भन्दा वढि Variation Order स्वीकृत गर्ने अधिकार स्थानिय खरिद नियमावली नबन्दा सम्म नगर प्रमुखलाई दिने निर्णय गरियो ।

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल